# जगदुल्ला गाउँपालिका डोल्पाको रोजगार रणनीति

## (आ.व. २०८०/०८१ – २०८५/०८६ सम्म)

जगदुल्ला गाउँपालिकाको कार्यालय

माझगाउँ, डोल्पा

कर्णाली प्रदेश



Scanned with CamScanner

आज मिति २०८१ ।०१।०९ गते आइतवार बेलुक ५:३० बजे जगदुल्ला गाउँपालिकाको कार्यलयमा यस गाउँपालिकाका अध्यक्ष श्री नारासिं रोकायज्युको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा जगदुल्ला गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

| पद | नामथर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | नारसिं रोकाय | |
| उपाध्यक्ष | अमरिता लामा | |
| अध्यक्ष वडा नं. १ | शेरवहादुर लामा | |
| अध्यक्ष वडा नं. २ | भानुभक्त बुढाथोकी | |
| अध्यक्ष वडा नं. ३ का.वा अध्यक्ष | राजवहादुर थापा | |
| अध्यक्ष वडा नं. ४ | भिम प्रसाद वोहोरा | |
| अध्यक्ष वडा नं. ५ | भिम वहादुर वोहोरा | |
| अध्यक्ष वडा नं. ६ | काली वहादुर बुढा | |
| कार्यपालिका सदस्य | संगीता बुढा | |
| कार्यपालिका सदस्य | पासांङलामा बुढाथोकी | |
| कार्यपालिका सदस्य | रामकली लामा | |
| कार्यपालिका सदस्य | तिलकन्या वी.क | |
| कार्यपालिका सदस्य | मरे कामी | |
| कार्यपालिका सदस्य | श्याम वहादुर कामी | |
| सचिव | केशवराज जैसी | |
| सहायक कर्मचारी | मोतिप्रसाद जैसी | |
| सहायक कर्मचारी | हरि वहादुर वूढा | |

प्रस्ताव नं. १ कार्यविधि पारित गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. २ पकेट निरन्तरता सम्वन्धमा ।

प्रस्ताव नं. ३ उच्च पहाडी एवम हिमाली क्षेत्र समृदि कार्यक्रमको योजना छोनोट गर्ने सम्वन्धमा ।

नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

निर्णय नं ०१ :प्रस्ताव नं ०१ माथि छलफल गर्दा यस गाउँपालिकाको तपसिल बमोजिमको कार्यविधि र रणनीति पारित गर्ने निर्णय सर्वसहमतिले पारिता गरियो ।

तपसिलः

- कृषि उपज संकलन केन्द्र स्थापना एवं संचालन कार्यविधि,२०८१
- जगदुल्ला गाउँपालिकाको रोजगार रणनीति २०८०|०८१ -२०८५|०८६

निर्णय नं ०२ :प्रस्ताव नं ०२ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब २०८०|०८१ बार्षिक कार्यक्रम अनुसार आ.ब २०७९|०८०मा स्थापना भएका तपसिल बमोजिमका स्याउ,ओखर पकेट कार्यक्रमलाई निरन्तरता दिने निर्णय सर्बसहमतिले पारिता गरियो ।

क)स्याउ पकेट केन्द्र निरन्तरता – सुनपानी बहुउद्शयी सहकारी झ्याकोट

ख)ओखर पकेट निरन्तरता – लाली गुराँस कृषक समूह,छाचु

निर्णय नं ०३ :प्रस्ताव नं ०३ माथि छलफल गर्दा यस उच्च पहाडी एवम हिमाली क्षेत्र समृदि कार्यक्रम कार्यक्रम समन्वय एकाईको मिति २०८०|१२|२९ गते आयोजना प्रस्ताव पेश गर्ने सम्वन्धि सूचना अनुसार यस गाउँपालिका बाट तपसिल बमोजिमका योजना छनोट गरि प्रस्ताव पेश गर्ने र कार्यविधि बमोजिमको लागत साझेदारी यस गाउँपालिका बाट व्यहोर्ने निर्णय सर्बसहमतिले पारिता गरियो ।

तपसिल:

१ थाब्लीकाँडा,महुने छाचु सडक स्तरउन्नति

२ कृषि उपज संकलन केन्द्र निर्माण तथा सितभण्डार ब्यवस्थापन

३ काईगाउँ ढलनिकास

४ फोहर ब्यवस्थापन वडा नं १ देखि ६

५ महामारी जन्य उपचार केन्द्र निर्माण वडा नं ६

नि.प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

# विषयसूची


खण्ड १ रणनैतिक सन्दर्भ (Strategic Context) ....4

१.१ पृष्ठभूमि ....4

१.२ रोजगार रणनीतिको आवश्यक्ता/औचित्य ....6

१.३ अध्ययन पद्धति ....6

१.४ क्षेत्र ....7

१.५ सीमा ....7

खण्ड २ वर्तमान अवस्थाको विश्लेषण (Current situation analysis) ....7

खण्ड ३ रणनैतिक विश्लेषण (Strategic Analysis) ....8

खण्ड ४ रणनैतिक सवालहरु (Strategic issues) ....9

खण्ड ५ दुरदृष्टि, ध्येय र उद्देश्यहरु (Long term vision, mission and objectives) ....10

५.१ दुरदृष्टि ....10

५.२ ध्येय ....10

५.३ रोजगार रणनीतिको उदेश्य ....10

५.४ दिर्घकालिन सोच ....11

खण्ड ६ रणनैतिक लक्ष्यहरु (Strategic goals) ....12

खण्ड ७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies) ....13

स्तम्भ १ : आन्तरिक रोजगारी प्रवर्द्धन ....13

स्तम्भ २ : वैदेशिक रोजगार व्यवस्थापन र श्रम कुटनीती प्रवर्द्धन ....13

स्तम्भ ३ : श्रम सम्बन्ध र व्यवसायजन्य-सुरक्षा ....13

स्तम्भ ४ : व्यवसायीक सीप विकास र तालिम ....14

स्तम्भ ५ : योगदानमा आधारित सामाजिक सुरक्षा ....15

स्तम्भ ६ : सुशासन प्रवर्द्धन ....15

खण्ड ८ पाँच बर्षको रणनैतिक कार्ययोजना (Five year strategic action plan) ....16

कार्यनीति १.२ उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने । ....17

कार्यनीति २.१ वैदेशिक रोजगारीमा जान चाहनेका लागि परामर्श तथा सेवा प्रवाह ....18

कार्यनीति ३.१ श्रमको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । ....19

कार्यनीति ३.२ असल औद्योगिक सम्बन्ध कायम गर्ने ....20

कार्यनीति ३.३ श्रम अभ्यासलाई मर्यादित बनाउदै श्रमशक्तिको विविधताको अधिकतम उपयोग गर्ने ....20

कार्यनीति ३.४ स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिम न्यूनिकरण गर्ने र मानव अधिकारको सुनिश्चितता गर्ने ....21

कार्यनीति ४.१ व्यवसायीक तथा सीपमुलक तालिम सञ्चालन गर्न सहकार्य गर्ने ....23

कार्यनीति ४.२ व्यवसायिक र सीपमुलक तालिममा नागरिकको सहज पँहुच स्थापित गर्ने र तालिम गुणस्तर र जीवनपयोगी बनाउने । ..23

कार्यनीति ५.१ सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने ....24




नारीबे रोजन
अध्यक्ष

Scanned with CamScanner

कार्यनीति ६.१ नीति तथा कानुन र कार्यविधी सुधार गर्ने ....................................................................25

कार्यनीति ६.२ श्रम कार्यलाई प्रभावकारी बनाउने....................................................................25

कार्यनीति ६.३ वित्तिय तथा प्रशासकीय सुशासन कायम गर्ने....................................................................26

खण्ड ९ श्रोत परिचालन र बजेट व्यबस्थापन (Resource Mobilization and Budget Management)....................27

खण्ड १० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्याङ्कन (Steering committee, monitoring and evaluation)....................................................................27

१०.१ अनुगमन तथा मुल्याङ्कन....................................................................28

खण्ड ११ जोखिम व्यबस्थापन (Risk Management)....................................................................28



Scanned with CamScanner

## खण्ड १ रणनैतिक सन्दर्भ (Strategic Context)

### १.१ पृष्ठभूमि

मुलुकको संघिय संरचना पश्चात देशको उत्पादनमुखि जनशक्तिलाई उत्पादनमुलक क्षेत्रमा रोजगारको सिर्जना र व्यवस्थापन गर्न विभिन्न तहबाट कार्य भैरहेका छन् । संघ, प्रदेश र स्थानीय तहबाट विभिन्न तवरले रोजगारी सिर्जना गर्ने, व्यबस्थापन गर्ने र पेशागत सुरक्षाहरु कार्यान्वयन गर्दै देशको बेरोजगारी अन्त्य गर्ने लक्ष्य सहितका कार्यहरु निरन्तर रुपमा भैरहेका छन् । मुलुकभित्र मर्यादित श्रमको लागि आन्तरिक रोजगारी प्रवद्धन र असल श्रम सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हक हित एवं पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्य वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवद्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्य हुँदै आएको छ । श्रम रोजगरा तथा सामाजिक सुरक्षा मन्त्रालयको मुख्य कार्यक्षेत्र आन्तरिक रोजगार प्रवर्द्धन, वैदेशिक रोजगारी व्यवस्थापन, सीप विकास तथा तालिम, श्रम सम्बन्ध तथा व्यवसायजन्य सुरक्षा र योगदानमा आधारित सामाजिक सुरक्षाका क्षेत्रमा राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना र कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र व्यवस्थापन रहेको छ ।

नेपालको संविधानको अनुसूचि ५-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकार सुची बमोजिम सामाजिक सुरक्षालाई संघको एकल अधिकार, संघ प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भित्र राखेको छ । यसै गरि बेरोजगारको तथ्याङ्क संकलन र व्यवस्थापन स्थानीय सरकारको एकल अधिकार क्षेत्र भित्र राखेको छ । रोजगार सम्बन्धि रहेका विभिन्न क्षेत्रहरु संघ, प्रदेश र स्थानीय तह संग अन्तर सम्बन्धित विषय भएकाले सबै तहको समन्वय र सहकार्य आवश्यक देखिन्छ । जस्तै वैदेशिक रोजगार सम्बन्धि अधिकार संविधानमा स्पष्ठ नदेखिएता पनि यो संघको कार्य क्षेत्र भित्र देखिन्छ । संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अधिकार सहितको रोजगारी तथा धारा ३४ मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको साथै कानुन बमोजिम ट्रेड यूनियन खोल्ने, सहभागी हुने र त्यसमा सौदावाजी गर्न पाउने हकको व्यवस्था गरेको छ । यसै गरी धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षको हकको व्यवस्था भएको छ । यसै गरि



Scanned with CamScanner

धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिमा राज्यले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशकमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरषा प्रत्याभूत गर्ने, बालश्रम लगायतका श्रम शोषणको सबै रुपमा अन्त्य गर्ने नीति रहेको छ । धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशिकरण सम्बन्धि नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिक्ता दिदै जिविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिक्ता प्रदान गर्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगारीको व्यबस्थापनका लागि वैदेशिक रोजगार नीति २०६८, नेपालको श्रमशक्तिलाई प्रतिस्पर्धी र सक्षम बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि सहितको राष्ट्रि रोजगार नीति २०७१, श्रमिकको स्वास्थ्य र सुरक्षाका लागि राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति २०७६, प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न रोजगारी सम्वन्धि ऐन र नियमावली २०७५, कार्यान्वयनमा रहेका छन् । यसै गरि रोजगारीको अवसरबाट बञ्चित भएका नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम पनि कार्यान्वयनमा रहेको छ । यसका अलवा सरकारका बार्षिक नीति तथा कार्यक्रमहरु, बजेट, दिगो विकास लक्ष्य, अन्तराष्ट्रिय श्रम सम्वन्धी अभिसन्धीहरु पनि मार्गदर्शक सिद्धान्तका रुपमा रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि बेरोजगारहरुको विषयमा स्पष्ट अधिकार दिएको छ ।

मुलुकमा सरकारी, निजी, तथा सहकारी तथा गैरसरकारी तहको संयुक्त प्रयास र लगानी बाट समग्र अर्थतन्त्रमा स्थायीत्व कायम भई उच्च, दीगो र रोजगारमुलक आर्थिक वृद्धि हासिल गर्न तीनै तहका सरकार क्रियाशील भएका छन् । समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनिकरण गर्न स्थानीय तहको छुट्टै रोजगार रणनीति आवश्यक भएको छ । स्थानीय तहमा रोजगार रणनीति तर्जुमा र कार्यान्वयनबाट संविधानले व्यबस्था गरेको नागरिकको रोगारीको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय तहको सामाजिक, आर्थिक उन्नतिमा समेत सहयोग पुग्ने देखिन्छ । संविधानले प्रदान गरेको हक अधिकारलाई तथा स्थानीय आवश्यक्ता र वस्तुस्थितिलाई ध्यानमा राखेर प्रत्येक नागरिकलाई रोजगार र रोजगार सुरक्षाको प्रत्याभूति दिनु स्थानीय सरकारको मुख्य जिम्मेवारी हो । स्थानीय तहले यसै सन्दर्भमा स्थानीय परिवेश र आवश्यक्ता बमोजिमको रोजगार रणनीति निर्माण र कार्यान्वयन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्थानीय तहको रोजगार



नारायि रोक्का
अध्यक्ष

Scanned with CamScanner

रणनीति निर्माण मार्गदर्शन २०८० तय गरेका र सोही बमोजिम यस डोल्पो बुद्ध गाउँपालिकाले पनि आफ्नो स्थानीय तहको रोजगार रणनीति २०८० निर्माण गरि कार्यान्वयमा ल्याएको छ ।

## १.२ रोजगार रणनीतिको आवश्यक्ता/औचित्य

जगदुल्ला गाउँपालिका डोल्पा जिल्लाको तल्लो भेगमा पर्ने र यहाँ रोजगारीको हिसाबमा पछाडी परेको छ । यहांको कुल जनसंख्याको करिब ३१ प्रतिशत जनसंख्या पूण रुपमा बेरोजगार भएको र कुनै पनि किसिमका रोजगारमूलक कार्यमा संलग्न नरेहेको देखिन्छ । पालिकाले सञ्चालन गरेको विभिन्न विकासे तथा सामाजिक कार्यमा आंशिक रुपमा रोजगारी प्राप्त भएता पनि दीर्घकालिन रुपमा रोजगार सिर्जना हुने कार्यहरु उल्लेख्य रुपमा भएका छैनन् ।

हाल संघिय, प्रादेशिक तथा स्थानीय तहले विभिन्न नीति, नियम तथा कार्यविधीहरुको अधिनमा रहेर रोजगार कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । संघ, प्रदेश र स्थानीय तहका आफ्ना आफ्ना कार्यक्षेत्र र जिम्मेवारीहरु रहेको र आपसि सामान्जस्यता मिलाएर कार्य गर्न पनि चुनौतकिो रुपमा रहेको छ । यो स्थानीय तहमा समेत कानुन, नीति र कार्यविधीहरुले निर्देश गरेका विषयहरुलाई एकिकृत गर्दै प्रभावकारी रुपमा श्रम तथा रोजगारको क्षेत्रमा दीर्घकालिन रुपमा कार्य गर्न स्थानीय तहले स्पष्ठ रुपमा रणनीति बनाएर कार्यान्वयन गर्नुपर्ने देखिन्छ र स्थानीय परिवेश, आवश्यक्ता र अवस्थाका आधारमा रोजगार रणनीति बनाएर कार्यान्वयन गर्दा श्रम रोजगार र योगदानमा आधारित सामाजिक सुरक्षासंग सम्वन्धित दीर्घकालीन राष्ट्रिय लक्ष्य प्राप्तिको लागि विभिन्न तह विच सामञ्जस्यता मिलाउन, पालिका भित्रको उद्यमशिलता र आन्तरीक रोजगारी प्रवर्द्धन गर्न, श्रम तथा रोजगारमा आवद्ध जनशक्तिको लागि रोजगार सुरक्षा कार्यम गर्न, सामाजिक सुरक्षाको एकिकृत नीति र संरचना तयं गर्न, सेवा प्रवाहमा प्रभावकारी सुचना र प्रविधिको प्रयोग गर्न, श्रमिकहरुलाई स्वास्थ्य तथा सुरक्षाको व्यवस्थापन गर्न तथा वैदेशिक रोजगारमा जाने र गएका श्रमिकहरुको लागि सहजिकरण र समस्यामा परेकाहरुको समस्या समाधानका लागि पनि स्पष्ट रणनीति तय गरि कार्यान्वयन गर्न आवश्यक रहेको छ । पालिका भित्र रहेका विभिन्न किसिमका रोजगारका क्षेत्रहरु पहिचान गर्ने र कार्यान्वयन गर्ने तथा आवश्यक्ता र अवस्थाका आधारमा उद्यम तथा रोजगारको अवसरहरु सिर्जना गर्ने र वेरोजगारका लागि रोजगारमा आवद्ध गराउन यो रणनीती आवश्यक देखिन्छ ।

## १.३ अध्ययन पद्धति

रणनीति निर्माणका लागि आवश्यक पर्ने तथ्याङ्क प्रश्नावलीका आधारमा प्राथमिक डाटाका रुपमा विभिन्न व्यक्तिहरुवाट संकलन गरिएको हो भने रोजगार नीति, रणनीति, मापदण्डहरु, जनसंख्या तथ्याङ्क, आर्थिक सर्वेक्षण, प्रतिवेदन र रोजगार योजना लगायतका तथ्याङ्कहरु भने द्धितिय डाटाका रुपमा प्रयोग गरिएको छ । पालिकाको समग्र रोजगार नीति, पालिकाका क्रियाकलापहरु



Scanned with CamScanner

तथा आगामी दिनमा रोजगार संग अवलम्बन गरिने रणनीतिका सवालमा भने जनप्रतिनिधि तथा सरोकारवाला संगको सल्लाह सुझाव तथा परामर्श संकलन गरेर तयार गरिएको छ । समग्रमा यो रोजगार रणनीतिको अध्ययन प्रद्धति समभागितामुलक र आवश्यक्ताका आधारमा यर्थातपरक रहेको छ ।

## १.४ क्षेत्र

यस रोजगार रणनीतिको क्षेत्र गाउँपालिकाको समग्र रोजगार नीति, मापदण्डहरु, कार्यविधी तय गर्न मद्धत पुर्‍याउने, सीपमुलक कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गर्न, उद्यमशिलताको व्यवस्थापन गर्न, श्रम सुरक्षा र न्यायको पहल गर्न, बेरोजगार तथा रोजगारी तथ्याङ्क संकलन र व्यवस्थापन गर्न, दीगो तथा प्रभावकारी रोजगार कार्यक्रम कार्यान्वयन गर्न जस्ता क्षेत्रमा मद्धत पुर्‍याउनेछ । जगदुल्ला गाउँपालिका भित्र रहेका ६ वटा वडा भित्र रहेका लाभिान्वित जनसंख्या र पालिका भित्रको सम्भाव्य रोजगारका अवसरहरुको पहिचान र व्यवस्थापन गर्ने यो रणनीतिको क्षेत्र भित्र पर्दछ र स्थानीय स्तरको आन्तरिक रोजगार प्रवर्द्धनका लागि अन्य निकाय संगको सम्वन्धमा र सहकार्य विस्तार गर्न सक्ने पनि यो रणनीतिको क्षेत्र रहन्छ ।

## १.५ सीमा

जगदुल्ला गाउँपालिका डोल्पाले तयार गरेको यो रोजगार रणनीतिको दायरा पालिकाको आवश्यक्ता, पालिकाको श्रोत र क्षमताका आधारमा पालिकाको वास्तविक मागका आधारमा सिमित हुनेछ । पालिका भित्र भएका उपलब्ध श्रोत साधन, अवसरहरु, चुनौतीहरु र सम्भावनाहरुको परिधीमा रहेर यो रोजगार रणनीति तयार भएको र यसले समग्र जगदुल्ला गाउँपालिका भित्रको रोजगारको अवस्था, हालसम्मका सबल पक्षहरु र आगामी ५ वर्ष भित्र पालिकाको रोजगार क्षेत्रमा हुने गतिविधीहरुका आधारमा तय भएको छ । पालिकामा भएको रोजगार कार्यक्रम, रोजगार संग सम्वन्धित तथ्याङ्क, आर्थिक सर्वेक्षण तथ्याङ्क, जनसंख्याको तथ्याङ्क र हालसम्मको लगानी स्रोतको अवस्थाका आधारमा यो रणनीति तय भएकाले यसको सीमा पनि सोही बमोजिम हुनेछ । यसले केवल पालिकाको समग्र रोजगारको अवस्थालाई सुद्धिढ गर्न पथ प्रदर्शकको रुपमा कार्य गर्ने र सम्वन्धित विषयक्षेत्रसंग सम्वन्ध विस्तार गर्न सहयोग पुर्‍याउने छ ।

# खण्ड २ वर्तमान अवस्थाको विश्लेषण (Current situation analysis)

कर्णाली प्रदेशको सवैभन्दा ठुलो जिल्ला डोल्पाको तल्लो भेगमा पर्ने तीन वटा स्थानीय तह मध्येको एक स्थानीय तह जगदुल्ला गाँउपालिका हो । उत्तरी सिमाना शे-फोक्सुन्डो राष्ट्रिय निकुन्ज संग जोडएको यो गाँउपालिकाको पूर्वमा त्रिपुरा सुन्दरी नगरपालिका, पश्चिमीमा जुम्ला जिल्लाको



Scanned with CamScanner

गुठिचौर गा.पा., र दक्षिणमा मुड्केचुला गाँउपालिका रहेको छ। यो गाँउपालिकाको कुल क्षेत्रफल १८३ वर्ग कि.मि. रहेको छ भने यो राष्ट्रिय निकुन्जको क्षत्रफल बाहेकको हो। समुन्द्री सतहबाट करिब २८०० मिटरको उचाइमा यस गाँउपालिकाको केन्द्र रहेको छ भने यो डोल्पा जिल्लाको सदरमुकाम दुनैबाट करिब ६५ किलो मिटरको दूरीमा अवस्थित छ। गाउँपालिकाको अधिकांश भू-भाग भीर पहरा, कडा चट्टानयुक्त, हिमक्षेत्र आदिले ढाकेको छ। खेतियोग्य जमीन निकै कम र पहाडको खोच एवं गाउंको आसपासमा मात्र कृषि कार्यका लागि जमीन उपलब्ध छ। यद्यपी प्रशस्त मात्रामा चरिचरण क्षेत्र रहेकाले लेकाली भेगमा पाईने पशुवस्तुको लागि भने उपयूक्त रहेको छ। कुल ६ वटा वडाहरुमा बिभाजन भएको यो पालिकामा बस्तीहरु पनि पातलो रहेको छ । काईगाउँ, हुरिकोट, थापागाउँ, महारुद्धा, माझगाउँ, गैरीगाउँ, झ्याँकोट, चौरीकोट र छाँचु यस गाँउपालिकाका मुख्य बस्तीहरु हुन भने यस पालिकाको कुल जनसंख्या २५७५ जना रहेको छ। यो पालिकाको मुख्य रोजगारको श्रोत भनेको पशुपालन, विकासे काम, जडिबुटी, पर्यटन र साना व्यवसाय रहेका छन्। कृषि पेशा केवल निर्वाहमुखि मात्र रहेको छ । हाल यस आर्थिक बर्ष सम्ममा यस पालिकामा जम्मा ८०२ जना बेरोजगार रहेको र निरन्तर रुपमा बेरोजगार जनशक्तिहरुलाई छोटो अवधिका लागि विभिन्न रोजगारमूलक कार्यहरुमा समावेश गरिरहेको छ। पालिका भित्र रहेका बेरोजगारहरुका लागि हाल स्थायी रुपमा रोजगारमूलक कार्यहरुमा प्रत्यक्ष रुपमा जोड्न सकिएको छैन यद्यपी पालिकाका अन्य कार्यक्रमहरु जस्तै कृषि, पशु जस्ता क्षेत्रबाट भने केही तवरबाट रोजगारी सिर्जना गर्ने कार्य भने भएको छ। पालिका भित्र रहेका हरेक बेरोजगार जनशक्तिलाई स्थायी र दिगो रुपमा अर्थउपार्जन र रोजगारमूलक क्षेत्रमा संलग्न गराउदै लैजाने पालिकाको नीति रहेको छ।

## खण्ड ३ रणनैतिक विश्लेषण (Strategic Analysis)

- जगदुल्ला गाउँपालिकामा रहेका कुल घरधुरी संख्या जम्मा ६०१ रहेका छन् भने जनगणना २०७८ अनुसार कुल जनसंख्या २५७५ रहेको छ। यसमा महिला १३१५ र पुरुष १२६० जना रहेका छन्। औषत प्रति घरधुरी जनसख्या ४.२ रहेको छ भने जनसख्या वृद्धिदर १.२४ रहेको छ। यसैगरी साक्षरता दर जम्मा ४५.२५ रहेको छ। समग्रमा यो पालिकामा हेर्ने हो भने गत आ.व. मा कुल बेरोजगार जम्मा ७६९ र आ.व. ८०/८१ मा ८०२ जना बेरोजगार जनशक्ति रहेको छ। क्रमश बेरोजगार जनशक्तिको दर सामान्य रुपमा बढेको पाईएको छ। पालिकाको समग्र आर्थिक गतिविधी हेर्दा पशुपालन, जडिबुटी, पर्यटन र सामान्य व्यवसायमा मानिसहरु संलग्न भएको



Scanned with CamScanner

र उक्त व्यवसायहरुमा पनि उल्लेख्य रुपमा रोजगारी सिर्जना हुन सकेको छैन । गत आर्थिक बर्षहरुमा र यो आर्थिक बर्षमा पालिका भित्र रहेका बेरोजार जनशक्तिलाई रोजगार कार्यक्रमका भौतिक पूर्वाधारहरु जस्तै बाटोघाटो, गुम्बा निर्माण, सिंचाई, भवन निर्माण जस्ता क्षेत्रमा न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउने कार्य भएको छ भने स्थायी रुपमा उद्यम विकास र परिचालन जस्ता क्षेत्रमा भने रोजगार सिर्जना गर्न सकिएको छैन । पालिका भित्र रहेका बेरोजगार जनशक्तिका लागि विभिन्न किसिमका सीपमुलक तालिमहरु केही मात्रामा सञ्चालनमा रहेको र उक्त तालिम र सीप विकासका कार्यक्रमहरुलाई पालिकाका सबै बेरोजगार र उद्यम विकास गर्ने सम्म पुऱ्याउन पर्ने देखिन्छ ।

जगदुल्ला गाउँपालिका विशेष गरि पशुपालन र पशुउद्योग तथा पर्यटन क्षेत्रका सेवा प्रवाहका हिसावमा प्रचुर सम्भावना बोकेको क्षेत्र भएकाले यो क्षेत्रमा पशुवस्तुको प्रवर्द्धन र विकास तथा यस संग सम्वन्धित उद्योगहरु जस्तै चौरी फार्म, चिज उद्योग, घ्यू उद्योग, तथा पर्यटन संग सम्बन्धित होटल व्यबसाय, टि हाउस, घोडा सवार आदि जस्ता उद्यमहरुको प्रवर्द्धन र विकास मार्फत पालिकाभित्र रहेका बेरोजगार सक्षम जनशक्तिलाई दीर्घकालिन रुपमा रोजगार प्रदान गर्न सकिने सम्भावना रहेको छ । पालिका भित्रबाट सेवा प्रवाह हुने कृषि, सामाजिक विकास, पशु विकास तथा पूर्वाधारका क्षेत्रमा जनशक्ति व्यवस्थापन र रोजगार सिर्जना गर्नुपर्ने देखिन्छ । पालिका भित्र रहेका बेरोजगार जनशक्तिलाई विभिन्न किसिमका सीपमुलक तालिमहरु जस्तै पर्यटन व्यबसायको लागि आवश्यक पर्ने कुक, होटेल तालिम, तरकारी खेती तथा प्रवर्द्धन, पशुपालन, रैथाने उत्पादन र प्रवर्द्धन, सिकर्मि, डकर्मि, तान बुन्ने जस्ता उद्यमका लागि सीपमुलक तालिम प्रदान गर्ने र रोजगार सिर्जना गर्ने रणनीति अबलम्बन गर्नुपर्ने देखिन्छ । यो पालिकाबाट बैदेशिक रोजगारमा जाने तथ्याक नरहेको र वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि पनि पालिकाले सहजिकरण गर्नपर्ने देखिन्छ ।

## खण्ड ४ रणनैतिक सवालहरु (Strategic issues)

पालिकाले तयार पारेको यो रोजगार रणनीति कार्यान्वयनका लागि पालिकाले तय गर्ने रोजगार नीति तथा कार्यक्रम प्रमुख सवालको रुपमा रहनेछ । पालिकाभित्र रहेका कुल बेरोजगारलाई दीगो रुपमा रोजगारका अवसरमा समावेश गर्ने चुनौती पालिकाको समग्र नीति तथा कार्यक्रमले प्रभाव पार्दछ । पालिकाको उपलब्ध आर्थिक स्रोत र सम्भावित रोजगारका अवसरमा हुने लगानी यस रणनितिक योजनाको मुख्य सावाल भित्र रहनेछ ।

पालिकाको आर्थिक स्रोतका अलवा रोजगार कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दक्ष जनशक्ति व्यवस्थापन र परिचालन पनि सवालको रुपमा रहनेछ भने पालिकाभित्र रहेको



Scanned with CamScanner

विकटता, दुर्गमता र भौगोलिक अवस्था पनि चुनौतीका रुपमा रहनेछन । पालिकाभित्र विभिन्न रोजगार सृजनाका कार्यक्रमहरु कार्यान्वयनका लागि संघ तथा प्रदेश एंव सरोकारवाला संगको प्रभावकारी समन्वय, सञ्चार सहकार्य पनि सवालका रुपमा हुनेछन् । लगानी स्रोतको प्रभावकारी पहिचान, व्यवस्थापन र परिचालन रणनैतिक सवालका पक्षहरु हुनेछन् ।

## खण्ड ५ दुरदृष्टि, ध्येय र उदेश्यहरु (Long term vision, mission and objectives)

### ५.१ दुरदृष्टि

मर्यादित श्रम र सामाजिक सुरक्षा सहितको उत्पादनशिल रोजगारी : समृद्ध जगदुल्ला गाउँपालिकाको चिनारी

### ५.२ ध्येय

जगदुल्ला गाउँपालिकाका बेरोजगार र उत्पादनशिल जनशक्तिलाई उद्यम सहितको मर्यादित र न्यायपूर्ण रोजगारको व्यवस्थापन गर्ने ।

### ५.३ रोजगार रणनीतिको उदेश्य

यस पालिकाको स्थानीय तहको रोजगार रणनीति तर्जुमा भएर कार्यान्वयन गरे पश्चात स्थानीय तहले समग्रमा संघिय रोजगार नीतिको कार्यान्वयन गरि पालिका तहमा तपशिलका उदेश्य हासिल हुनेछन ।

(क) स्थानीय तहमा भएको विभिन्न रोजगारका अवसरहरु, सीप विकास, उद्यमशिलता र रोजगारीको तथ्याकं संकलन, विश्लेषण र अद्यावधी गर्ने ।

(ख) स्थानीय अवस्था, आवश्यक्ता र श्रोतका आधारमा श्रम र रोजगारका लागि कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वय गर्ने ।

(ग) पालिकाको माग बमोजिमको जनशक्ति उत्पादन तथा उद्यमशिलता अभिबृद्धि गर्ने र पालिकाको आर्थिक विकासमा सहयोग पुर्‍याउने ।

(घ) पालिका भित्रका नागरीकलाई व्यवसायीक सीप विकास, रोजगारी प्रवर्द्धन, उत्पादनशिल रोजगारी सृजना, उद्यमशिलता प्रवर्द्धन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा सेवा प्रवाह, पुनःस्थापना तथा रोजगारमूलक सेवा प्रवाह हुने ।

(ङ) पालिका भित्र बेरोजगारीको लागि दीर्घकालिन रुपमा रोजगारका अवसरहरु सिर्जना गर्ने ।



Scanned with CamScanner

## ५.४ दिर्घकालिन सोचः

रोजगार रणनीति कुनै पनि स्थानिय तह वा संगठनको लागि अत्यन्त महत्वपूर्ण हुन्छ। दिर्घकालिन सोचले रोजगारीको क्षेत्रलाई मजबुत बनाउनका लागि महत्वपूर्ण भूमिका खेल्छ। निम्न बुँदाहरूमा जगदुल्ला गाउँपालिकाको दिर्घकालिन रोजगार रणनीतिको मुख्य पक्षहरू समावेश गरिएको छः

**१. शिक्षा र सीप विकासः**

- **गुणस्तरीय शिक्षाः** उच्चस्तरीय शिक्षा प्रणालीको विकास जसले विभिन्न क्षेत्रहरूमा दक्ष जनशक्ति उत्पादन गर्न सक्षम होस।
- **व्यावसायिक प्रशिक्षणः** व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिनु, जसले गर्दा विभिन्न उद्योगहरूले आवश्यक पर्ने सीपयुक्त कामदार पाउन सकून्।

**२. उद्यमशीलता प्रवर्द्धनः**

- **स्टार्टअप समर्थनः** नयाँ उद्यमहरू सुरु गर्न चाहने व्यक्तिहरूलाई पूँजी, प्रशिक्षण र मार्गदर्शन प्रदान गर्नु।
- **सहज नीतिहरूः** नयाँ व्यवसाय सुरु गर्न र सञ्चालन गर्न सरल र सजिलो नीतिहरू लागू गर्नु।

**३. प्राविधिक प्रगतिः**

- **डिजिटल स्किलः** कामदारहरूको डिजिटल दक्षता विकास गर्न, ताकि उनीहरू नयाँ प्रविधिहरूको उपयोग गर्न सक्षम होऊन्।
- **अनुसन्धान र विकासः** आर एण्ड डी मा लगानी वढाएर नयाँ प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहित गर्नु।

**४. साधारण उद्योगहरूको प्रबर्द्धनः**

- **कृषि आधुनिकीकरणः** कृषि क्षेत्रमा नयाँ प्रविधि र उत्पादनशीलता वृद्धि गर्नका लागि नीतिहरू लागू गर्नु।
- **निर्माण क्षेत्रः** निर्माण क्षेत्रलाई मजबुत बनाउनका लागि ठूला पूर्वाधार परियोजनाहरूमा लगानी गर्नु।

**५. समावेशी वृद्धिः**

- **समान अवसरः** सबै समुदाय र क्षेत्रका मानिसहरूलाई समान रोजगार अवसर प्रदान गर्न, जातीय, लैङ्गिक र क्षेत्रीय असमानता कम गर्नु।
- **समान वेतनः** समान कार्यको लागि समान वेतन सुनिश्चित गर्नु।

नारसिं रोकाया
अध्यक्ष



Scanned with CamScanner

६. सामाजिक सुरक्षाको प्रबन्धः

- **स्वास्थ्य बीमाः** कामदारहरूको लागि स्वास्थ्य बीमा र अन्य सामाजिक सुरक्षाका उपायहरू लागू गर्नु।
- **पेन्सन प्रणालीः** वृद्धावस्था पेन्सन लगायतका दीर्घकालिक सामाजिक सुरक्षा योजनाहरूमा सुधार र विस्तार गर्नु।

७. दिगो र हरित रोजगारीः

- **पर्यावरण-मैत्री उद्योगः** पर्यावरण-मैत्री उद्योगहरूको प्रवर्द्धन गर्न, जसले दीर्घकालिन रोजगारीको साथै पर्यावरणको संरक्षण पनि गर्नेछ।
- **नवीकरणीय ऊर्जाः** नवीकरणीय ऊर्जा स्रोतहरूको उपयोग र विकासमा जोड दिनु, जसले नयाँ रोजगारी अवसरहरू सिर्जना गर्न सक्छ।

८. नीतिगत स्थिरता र दीर्घकालिन योजनाः

- **राजनीतिक स्थिरताः** राजनीतिक स्थिरता र नीति निर्माणमा दीर्घकालिन सोच राख्नु।
- **समग्र दृष्टिकोणः** रोजगार रणनीतिमा समग्र दृष्टिकोण अपनाउनु, जसले अर्थव्यवस्था, समाज र वातावरण सबैलाई समेट्न सकोस्।

दिर्घकालिन सोच राखेर वनाइएको रोजगार रणनीतिले गाउँपालिकाकाको आर्थिक विकास, सामाजिक समृद्धि र पर्यावरणीय स्थायित्वलाई सुनिश्चित गर्न मद्दत पुर्याउँछ।

## खण्ड ६ रणनैतिक लक्ष्यहरु (Strategic goals)

यस रोजगार रणनीतिको प्रमुख लक्ष्य यस प्रकार रहेका छन् ।

- पालिका भित्र उत्पादनशील रोजगारीको अवसरहरु सिर्जना गर्ने तथा प्रवर्द्धन गर्ने ।
- आवश्यक्ताका आधारमा सीपमुलक तालिमको पंहुच अभिवृद्धि गर्ने र रोजगार क्षेत्रमा परिचालन र व्यवस्थापन गर्ने ।
- स्थानीय आवश्यक्ताका आधारमा श्रमको न्योचित र मर्यादित उपयोग गर्ने र योगदानमा आधारित श्रमिको सामाजिक सुरक्षाको प्रत्याभूति दिने ।
- स्थानीय श्रोत र अवसरको उच्चतमा प्रयोग र व्यवस्थापन गरि उद्यमशिलता र दीगो रोजगारको सिर्जना गर्ने ।

नारसिंह रोकाय
अध्यक्ष



Scanned with CamScanner

## खण्ड ७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies)

यस जगदुल्ला गाउँपालिकाले तयार गरेको रोजगार रणनीतिको ध्येय, सोच, लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्नानुसारको रणनीतिक स्तम्भहरु पहिचान गरिएको छ र रणनीतिक स्तम्भ बमोजिमको रणनीति र कार्यनीति पनि तय गरिएको छ ।

### स्तम्भ १ : आन्तरिक रोजगारी प्रवर्द्धन

| रणनीति | कार्यनीति |
|---|---|
| १.१.पालिकामा न्यूनतम रोजगारीको प्रत्याभूति दिने | • पालिकामा हुने प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने<br>• श्रम तथा श्रमिकको लागि हुने व्यवहार न्यायोचित र सम्मानपूर्ण गर्ने ।<br>• पालिका भित्रका बिभिन्न विकास खर्चलाई रोजगार संग जोड्ने ।<br>• पालिका भित्रको अन्तर शाखा, वडा र तहगत समन्वय र सहकार्य गर्ने |
| १.२.उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने । | • रोजगारी सिर्जनका नविनतम उपयाहरुको खोजि र कार्यान्वयन गर्ने ।<br>• सरकारी, गैसस, नीजि संस्था, सहकारी, समुह आदि संगको समन्वय, सहकार्य र साझेदारी मार्फत रोजगारी बढाउने ।<br>• रोजगारीको अवसर र सम्भावनाको पहिचान र कार्यान्वयनका लागि सरोकारवाला संगको सम्वात र समन्वय बढाउने ।<br>• श्रम तथा रोजगारमुलक तथ्याङ्को संकलन, विश्लेषण र प्रयोग गर्ने ।<br>• पालिकाबाट एकिकृत रोजगार सेवा प्रदान गर्ने । |

### स्तम्भ २ : वैदेशिक रोजगार व्यवस्थापन र श्रम कुटनीती प्रवर्द्धन

| रणनीति | कार्यनीति |
|---|---|
| २.१. वैदेशिक रोजगारीमा जान चाहनेका लागि परामर्श तथा सेवा प्रवाह | • वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि परामर्श सेवा प्रदान गर्ने ।<br>• वैदेशिक रोजगारमा जान चाहनेका लागि सीपमुलक तालिम तथा प्रशिक्षण प्रदान गर्ने ।<br>• वैदेशिक रोजगारका लागि सहजिकरण गर्ने ।<br>• वैदेशिक रोजगारमा समस्यामा परेकाको लागि हक हितका लागि पहलकदमी |

### स्तम्भ ३ : श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षा

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१.श्रमको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । | • श्रमको सम्मान गर्ने तथा श्रमिकका लागि अनुकुल वातावरणको सिर्जना गर्ने । |



Scanned with CamScanner

| | |
|---|---|
| | • पालिकास्तरको श्रम तथा रोजगारको कार्यविधी तथा नीति तर्जुमा र कार्यान्वयन गर्ने |
| ३.२. असल औधोगिक सम्बन्ध कायम गर्ने | • श्रम तथा रोजगार सल्लाकार समिति, न्यूनतम पारिश्रमिक निर्धारण तथा कार्यान्वयन सयन्त्रलाई प्रभावकारी बनाउने ।<br>• सामाजिक सम्वाद तथा विवाद समाधानका उपायहरु अवलम्बन गर्ने । |
| ३.३. श्रम अभ्यासलाई मर्यादित बनाउदै श्रमशक्तिको विविधताको अधिकतम उपयोग गर्ने | • श्रमको सम्मान गर्न प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रहरु सञ्चालन गर्ने ।<br>• महिला तथा अपाङ्गमैत्री कार्यस्थलको व्यवस्था गर्ने ।<br>• वालश्रम अन्त्य गर्ने ।<br>• विभिन्न तहसंग र सरोकारवालाहरु संगको समन्वय विस्तार गर्ने । |
| ३.४. स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिम न्यूनिकरण गर्ने र मानव अधिकारको सुनिश्चितता गर्ने | • कामको शिलसिलामा हुन सक्ने स्वास्थ्यजन्य समस्या तथा जोखिमको लागि उपलब्ध स्वास्थ्य सेवाको सुद्धढिकरण गर्ने ।<br>• व्यवसायीक सुरक्षा तथा स्वास्थ्य सम्बन्धि न्यूनतम मापदण्ड निर्माण र कार्यान्वयन गर्ने ।<br>• स्वास्थ्य तथा श्रम निरिक्षकको क्षमता अभिवृद्धि गर्ने ।<br>• स्वास्थ्य तथा दुर्घटना विमा अनिवार्य गर्ने गराउने ।<br>• श्रमिकको हक अधिकारको सुनिश्चितताका लागि निरन्तर अनुगमन र निरिक्षण गर्ने । |

## स्तम्भ ४ : व्यवसायीक सीप विकास र तालिम

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१. व्यवसायीक तथा सीपमुलक तालिम सञ्चालन गर्न सहकार्य गने | • पालिका तहमा हुने विभिन्न निकाय जस्तै घरेलु र शाखा अन्तर्गतका सीपमुलक तालिमहरु एकिकृत र एकद्धवार प्रणालीमा गर्ने ।<br>• तालिम प्राप्तहरुको सुचना व्यवस्थापनमा एकरुपता ल्याउने । |
| ४.२. व्यवसायकि र सीपमुलक तालिममा नागरिकको सहज पँहुच स्थापित गर्ने र तालिम गुणस्तर र जीवनपयोगी बनाउने । | • पालिकामा आवश्यक्ता र पालिका सुहाउदो तथा उपयोगी सीपमुलक तालिमहरु सञ्चालन गर्ने ।<br>• तालिमको उपयोगिता र प्रभावकारीताका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>• तालिममा लक्षित वर्गहरको पँहुच सुनिश्चितता गर्ने । |



Scanned with CamScanner

### स्तम्भ ५ : योगदानमा आधारित सामाजिक सुरक्षा

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने | • श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउने ।<br>• सामाजिक सुरक्षा कोषको आवश्यक्ता तथा प्रभावकारिताको बारेमा चेतना अभिबृद्धि गर्ने । |

### स्तम्भ ६ : सुशासन प्रवर्द्धन

| रणनीति | कार्यनीति |
|---|---|
| ६.१. नीति तथा कानुन र कार्यविधी सुधार गर्ने | • पालिकाले रोजगार संग सम्बन्धित नीति, कार्यविधी निर्माण, परिमार्जन समायनुकुल बनाउदै लैजाने ।<br>• रोजगारीको माग र आपुर्तिलाई प्रभावकारी बनाउन रोजगार सेवा विनियमको अवधारणा लागु गर्ने । |
| ६.२. श्रम कार्यलाई प्रभावकारी बनाउने | • एकिकृत श्रम सुचना व्यवस्थापन प्रणालीको विकास र कार्यान्वयन गर्ने ।<br>• श्रम र रोजगारको सेवा प्रवाहका लागि संस्थागत क्षमता विकास गर्ने । |
| ६.३. वित्तिय तथा प्रशासकीय सुशासन कायम गर्ने | • दैनिक कार्य सञ्चालन प्रणाली चुस्त दुरुस्त गर्ने साथै पारदर्शि बनाउने ।<br>• अनुगमन तथा मुल्याङ्न प्रणाली प्रभावकारी बनाउने ।<br>• अनुगमन तथा मुल्याङ्नमा सरोकारवालाहरको सहभागिता सुनिश्चित गर्ने । |



Scanned with CamScanner

## खण्ड ८ पाँच बषको रणनीतिक कार्ययोजना (Five year strategic action plan)

जगदुल्ला गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयनको कार्ययोजना

| क.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेबार निकाय, शाखा | सहयोगी निकाय, शाखा | समायावधी | कार्य सम्पादन सूचक | बजेट रु हजारमा | जोखिम |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति १.१ पालिकामा न्यूनतम रोजगारीको प्रत्याभूति दिने | | | | | | | |
| १.१.१ | पालिकामा हुने प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने | रोजगार शाखा | उद्यम विकास, कृषि, प्रशासन | वार्षक १ पटक | वार्षिक कार्यक्रम शत पतिशत कार्यान्वयन हुने र यसका लागि सरोकारवाला शाखाका बिचको बैठक | ३० | नियमित समन्वय र बैठक |
| १.१.२ | श्रम तथा श्रमिको लागि हुने व्यवहार न्यायोचित र सम्मानपूर्ण गर्ने । | रोजगार शाखा | प्रशासन शाखा | निरन्तर | श्रमिकको कुनै पनि विवाद नहुने र भएका शत प्रतिशत न्याय प्राप्त हुने | ३० | नियमित समन्वयर बैठक |
| १.१.३ | पालिका भित्रका विभिन्न विकास खर्चलाई रोजगार संग जोड्ने । | रोजगार शाखा | कृषि, पशु, योजना, प्रशासन | निरन्तर | शत प्रतिशत बेरोजगारले विभिन्न शाखाका विकास कार्यक्रममा रोजगार प्राप्त गरेको हुने | ० | एकिकृति व्यबस्थापन हुनुपर्ने |

नारसिं रोकाय
अध्यक्ष



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१.४ | पालिका भित्रको अन्तर शाखा, वडा र तहगत समन्वय र सहकार्य गर्ने | रोजगार शाखा | कृषि, पशु, , योजना, प्रशासन | वार्षिक २ पटक बैठक र सम्वाद | नियमित बैठक भएको हुने | ६० | समन्वय तथा सहकार्यमा प्रभावकारिता |
| कार्यनीति १.२ उत्पादनशील रोजगारीको प्रवर्द्धन तथा विस्तार गर्ने । | | | | | | | |
| १.२.१ | रोजगारी सिर्जनका नविनतम उपयाहरुको खोजि र कार्यान्वयन गर्ने । | रोजगार शाखा | कृषि, योजना, पशु | दोस्रो वर्ष १ पटक | नयाँ रोजगारिका अवसरको खोजी र कार्यान्वयन भएको हुने (पर्यटन, पशु,) | ५० | |
| १.२.२ | सरकारी, गैसस, नीजि संस्था, सहकारी, समुह आदि संगको समन्वय, सहकार्य र साझेदारी मार्फत रोजगारी बढाउने । | रोजगार शाखा | गै.स., सहकारी, नीजि व्यवसाय | वार्षिक १ पटक | बैठक र समन्वय भएको हुने र साझेदारी हुने | ७५ | सरोकारवालाको भूमिका प्रभावकारी बनाउन |
| १.२.३ | रोजगारीको अवसर र सम्भावनाको पहिचान र कार्यान्वयनका लागि सरोकारवाला संगको सम्वाद र समन्वय वढाउने । | रोजगार शाखा | सरोकारवाला निकाय (पालिकाका शाखा, व्यवसायी, उद्योगी, आदि) | वार्षिक २ पटक | सरोकारवाला निकाय संगको बैठक र सम्वाद भएको हुने वार्षिक २ पटक | ७५ | सरोकारवालाको भूमिका प्रभावकारी बनाउन |
| १.२.४ | श्रम तथा रोजगारमुलक तथ्याङ्को संकलन, विश्लेषण र प्रयोग गर्ने । | रोजगार शाखा | सुचना शाखा | वार्षिक १ पटक | श्रम र रोजगारको तथ्याकं व्यवस्थित भएको हुने | १०० | सुचना प्रविधिको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | पहुचमा प्रभावकारिता |
| १.२.५ | पालिकाबाट एकिकृत रोजगार सेवा प्रदान गर्ने । | रोजगार शाखा | योजना शाखा | निरन्तर | रोगारका सेवाहरु एकिकृत रुपमा प्रवाह भएको हुने | ० | सचेतना र नीति |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति २.१ वैदेशिक रोजगारीमा जान चाहनेका लागि परामर्श तथा सेवा प्रवाह** | | | | | | | |
| २.१.१ | वैदेशिक रोजगारमा जान चाहनेका लागि सीपमुलक तालिम तथा प्रशिक्षण प्रदान गर्ने । | रोजगार शाखा | प्रशासन शाखा | बार्षिक २ पटक | वैदेशिक रोजगारमा जान चाहनेले शत प्रतिशत परमर्श प्राप्त गरेको हुने | २५ | छैन |
| २.१.२ | वैदेशिक रोजगारका लागि सहजिकरण गर्ने । | रोजगार शाखा | प्रशासन शाखा | बार्षिक ३ पटक | सीप विकास भएको हुन् | ५०० | सीपमूलक तालिमका लागि बाह्य जनशक्ति को खोजी |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१.३ | वैदेशिक रोजगारमा समस्यामा परेकाको लागि हक हितका लागि पहलकदमी गर्ने । | रोजगार शाखा | प्रशासन शाखा | निरन्तर | शत प्रतिशत बेरोजगारले बिभिन्न शाखाका विकास कार्यक्रममा रोजगार प्राप्त गरेको हुने | ० | |
| २.१.४ | | रोजगार शाखा | प्रशासन शाखा | वार्षिक २ पटक बैठक र सम्वाद | नियमित बैठक भएको हुने | ० | समन्वय र सहकार्य संघमा |

| कार्यनीति ३.१ श्रमको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने । | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१.१ | श्रमको सम्मान गर्ने तथा श्रमिकका लागि अनुकुल वातावरणको सिर्जना गर्ने । | रोजगार शाखा | प्रशासन शाखा | निरन्तर | चेतनामुलक कार्यक्रम र पैरवी भएको हुने | १०० | मिडिया प्रभाव कम |
| ३.१.२ | पालिकास्तरको श्रम तथा रोजगारको कार्यविधी तथा नीति तर्जुमा र कार्यान्वयन गर्ने | रोजगार शाखा | प्रशासन शाखा | १ पटक | रोजगार कार्यवीधि र नीति तजूमा भएको हुने | १०० | पालिकाको नीति प्रभावकारी हुनपर्ने |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति ३.२ असल औधोगिक सम्बन्ध कायम गर्ने | | | | | | | |
| ३.२.१ | श्रम तथा रोजगार सल्लाकार समिति, न्यूनतम पारिश्रमिक निधाृधरण तथा कार्यान्वयन सयन्त्रलाई प्रभावकारी बनाउने । | रोजगार शाखा | प्रशासन शाखा | एक पटक पहिलो वर्ष | सल्लाहाकार समिति निर्माण र वैठक वर्षमा २ पटक | ७० | कार्यान्वयन प्रभावकारीता |
| ३.२.२ | सामाजिक सम्वाद तथा विवाद समाधानका उपायहरु अवलम्बन गर्ने । | रोजगार शाखा | सामाजिक विकास | वार्षिक २ पटक | श्रमिक भेला र छलफल भएको हुने | २५० | भौगोलिक विकटतामा सबै एकै स्थानमा भेला गर्न कठिन |
| कार्यनीति ३.३ श्रम अभ्यासलाई मर्यादित बनाउदैं श्रमशक्तिको विविधताको अधिकतम उपयोग गर्ने | | | | | | | |
| ३.३.१ | श्रमको सम्मान गर्न प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रहरु सञ्चालन गर्ने । | रोजगार शाखा | प्रशासन शाखा र योजना शाखा | वार्षिक २ पटक | पैरवी र अनुसन्धान भएको हुने | २०० | छैन |
| ३.३.२ | महिला तथा अपाङ्गमैत्री कार्यस्थलको व्यवस्था गर्ने । अन्य शाखा सम्बन्धित मार्फत | रोजगार शाखा | योजना र पर्वाधार शाखा | वार्षिक १ पटक | महिला तथा अपागमेत्री भएको हुने | | पूर्वाधार विकास |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३.३ | वालश्रम अन्त्य गर्ने । | रोजगार शाखा | सामाजिक विकास | वार्षिक १ पटक | पैरवी र चेतनामुलक कार्य भएको हुने | ५० | जनचेतनाको अभाव |
| ३.३.४ | विभिन्न तहसंग र सरोकारवालाहरुसंगको समन्वय विस्तार गर्ने । | रोजगार शाखा | योजना र सामाजिक शाखा | वार्षिक १ पटक | सरोकारवाला संगको सम्वन्ध प्रभावकारी भएको हुने | ५०० | |
| **कार्यनीति ३.४ स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिम न्यूनिकरण गर्ने र मानव अधिकारको सुनिश्चितता गर्ने** | | | | | | | |
| ३.४.१ | कामको शिलसिलामा हुन सक्ने स्वास्थ्य जन्य समस्या तथा जोखिमको लागि उपलब्ध स्वास्थ्य सेवाको सुद्दढिकरण गर्ने । | स्वास्थ्य शाखा | रोजगार शाखा | वार्षिक | स्वास्थ्य चौकीमा सेवा र सुविधामा सुधार गर्नु | २५०० | श्रोत र जनशक्ति |
| ३.४.२ | व्यवसायीक सुरक्षा तथा स्वास्थ्य सम्वन्धि न्यूनतम मापदण्ड निर्माण र कार्यान्वयन गर्ने । | स्वास्थ्य शाखा | रोजगार शाखा | १ पटक दोस्रो बर्ष | मापदण्ड निर्माण हुने | ५० | |
| ३.४.३ | स्वास्थ्य तथा श्रम निरिक्षकको क्षमता अभिवृद्धि गर्ने । | स्वास्थ्य शाखा | रोजगार शाखा | पहिलो र तेस्रो बर्ष | स्वास्थ्य तथा श्रम निरिक्षकको क्षमता | ६० | दक्ष जनशक्ति |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | अभिबृद्धि भएको हुने | | |
| ३.४.४ | स्वास्थ्य तथा दुर्घटना विमा अनिवार्य गर्ने गराउने । सहजिकरण र सम्बन्धित श्रमिक मार्फत | स्वास्थ्य शाखा | रोजगार शाखा | वार्षिक नविकरण | सबै श्रमिकको दुर्घटना विमा हुने | ० | सेवा प्रवाह प्रभावकारी बनाउन |
| ३.४.५ | श्रमिकको हक अधिकारको सुनिश्चितताका लागि निरन्तर अनुगमन र निरिक्षण गर्ने । | अनुगमन शाखा | रोजगार शाखा | निरन्तर | नियमित अनुगमन र मुल्याकंन भई आवाजहरु सम्वोधन भएको हुने | २०० | अनुगमन सयन्त्र चुस्त दुरुस्त हुन |

| क.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय, शाखा | सहयोगी निकाय, शाखा | समायावधी | कार्य सम्पादन सूचक | बजेट रु हजारमा | जोखिम |
|---|---|---|---|---|---|---|---|

जगदुल्ला गाउँपालिकाको रोजगार रणनीति

नारेश रोकाय
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति ४.१ व्यवसायीक तथा सीपमुलक तालिम सञ्चालन गर्ने सहकार्य गर्ने | | | | | | | |
| ४.१.१ | पालिका तहमा हुने विभिन्न निकाय जस्तै घरेलु र शाखा अन्तर्गतका सीपमुलक तालिमहरु एकिकृत र एकद्धवार प्रणालीमा गर्ने । | रोजगार शाखा | उद्यम विकास, कृषि, सामाजिक आदि | बर्षमा २ पटक | सबै बेरोजगारले तालिम प्राप्त गरेको हुने | ५० | श्रोत व्यवस्थापन र समन्वय |
| ४.१.२ | तालिम प्राप्तहरुको सुचना व्यवस्थापन र एकरुपता ल्याउन | रोजगार शाखा | सुचना शाखा | निरन्तर | सुचना व्यवस्थापन प्रभावकारी भएको हुने | १०० | सुचना प्रणालीमा सुधार |
| कार्यनीति ४.२ व्यवसायकि र सीपमुलक तालिममा नागरिकको सहज पँहुच स्थापित गर्ने र तालिम गुणस्तर र जीवनपयोगी बनाउने । | | | | | | | |
| ४.२.१ | पालिकामा आवश्यक्ता र पालिका सुहाँउदो तथा उपयोगी सीपमुलक तालिमहरु सञ्चालन गर्ने । | रोजगार शाखा | उद्यम विकास, कृषि, सामाजिक आदि | वर्षमा २ पटक | सबै बेरोजगारले तालिम प्राप्त गरेको हुने | २००० | श्रोत व्यवस्थापन र समन्वय |
| ४.२.२ | तालिमको उपयोगिता र प्रभावकारीताका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने । | रोजगार शाखा | सामाजिक विकास | वार्षिक २ पटक | सुचना प्रवाह र चेतना अभिबृद्धि | १०० | सुचना पवाहको माध्यम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रभावकारी हुनपर्ने |
| | तालिमममा लक्षित वर्गहरको पँहुच सुनिश्चितता गर्ने । | रोजगार शाखा | योजना र प्रशासन | निरन्तर | पैरवी र सहायत भएको हुने | | |

| क.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेबार निकाय, शाखा | सहयोगी निकाय, शाखा | समायावधी | कार्य सम्पादन सूचक | बजेट रु हजारमा | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति ५.१ सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने** | | | | | | | |
| ५.१.१ | श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउने । | लेखा शाखा | रोजगार शाखा | निरन्तर | सबै किसिमका श्रमिकको सामाजिक सुरक्षामा आवद्ध भएको हुने | | श्रोत व्यवस्थापन र समन्वय |
| ५.१.२ | सामाजिक सुरक्षा कोषको आवश्यक्ता तथा प्रभावकारिताको वारेमा चेतना अभिवृद्धि गर्ने । | लेखा शाखा | रोजगार शाखा | वार्षिक १ | चेतना अभिवृद्धि भएको हुने | २५० | |

| क.स. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय, शाखा | सहयोगी निकाय, शाखा | समायावधी | कार्य सम्पादन सूचक | बजेट रु हजारमा | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीति ६.१ नीति तथा कानुन र कार्यविधी सुधार गर्ने** | | | | | | | |
| ६.१.१ | पालिकाले रोजगार संग सम्वन्धित नीति, कार्यविधी निर्माण, परिमार्जन समायनुकुल बनाउदै लैजाने । | रोजगार शाखा | प्रशासन शाखा | हरेक वर्ष | नीति, कार्यविधी निर्माण र हेरफेर | २५० | |
| ६.१.२ | रोजगारीको माग र आपुर्तिलाई प्रभावकारी बनाउन रोजगार सेवा विनियमको अवधारणा लागु गर्ने । | रोजगार शाखा | प्रशासन शाखा | निरन्तर | विनियमको अवधारण लागु हुने | | सेवा प्रवाह र जनशक्ति व्यवस्थापन |
| **कार्यनीति ६.२ श्रम कार्यलाई प्रभावकारी बनाउने** | | | | | | | |
| ६.२.१ | एकिकृत श्रम सुचना व्यवस्थापन प्रणालीको विकास र कार्यान्वयन गर्ने । | सुचना शाखा | रोजगार शाखा | निरन्तर | एकिकृत सुचना व्यवस्थापन भएको हुने | ३०० | |
| ६.२.२ | श्रम र रोजगारको सेवा प्रवाहका लागि संस्थागत क्षमता विकास गर्ने । | सामाजिक विकास | रोजगार शाखा | वर्षमा १ पटक | कर्मचारीको क्षमता अभिबृद्धि भएको हुने | २५० | जनशक्ति परिचालन बाहय |

नेपाल सरकार
मेहेल्कोट गाउँपालिकाको कार्यालय
माभगाउँ डोल्पा
कर्णाली प्रदेश, नेपाल



Scanned with CamScanner

| कार्यनीति ६.३ वित्तिय तथा प्रशासकीय सुशासन कायम गर्ने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.३.१ | दैनिक कार्य सञ्चालन प्रणाली चुस्त दुरुस्त गर्ने साथै पारदर्शि बनाउने । | रोजगार शाखा | अन्य सम्पुर्ण शाखा | बार्षिक १ | सार्वजनिक सुनुवाई हुने | २५० | |
| ६.३.२ | अनुगमन तथा मुल्याङ्क प्रणाली प्रभावकारी बनाउने । | अनुगमन शाखा | प्रशासन शाखा | पहिलो वर्ष तयार गर्ने | अनुगमन प्रणालीको विकास हुने | ५० | |
| ६.३.३ | अनुगमन तथा मुल्याङ्कनमा सरोकारवालाहरको सहभागिता सुनिश्चित गर्ने । | अनुगमन शाखा | प्रशासन शाखा | बर्षमा १ पटक | सरोकारवालाको सयूक्त अनुगमन हुने | ३०० | |



Scanned with CamScanner

## खण्ड ९ श्रोत परिचालन र बजेट व्यबस्थापन (**Resource Mobilization and Budget Management**)

रणनीति कार्यान्वयका लागि आवश्यक वजेटको व्यवस्थापन स्थानीय, प्रादेशिक र संघिय अनुदान मार्फत कार्यान्वयन गरिनेछ । स्थानीय तह भित्रका अन्तरसम्वन्धित शाखाहरुमार्फत पनि सहकार्य र समन्वयका आधारमा वजेट व्यवस्थापन र परिचालन हुनेछ । उपलब्ध श्रोतको प्रभावकारी परिचालन र उपयोग मार्फत यो रोजगार कार्यक्रमको कार्यान्वयन हुनेछ ।

## खण्ड १० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्याङ्कन (**Steering committee, monitoring and evaluation**)

जगदुल्ला गाउँपालिकाको यस रोजगार रणनीति कार्यान्वयनमा सहयोग पुर्याउने उदेश्यले गाउँपालिकाको (१) निम्नानुसारको निदेशक समिति रहनेछ ।

(क) गाउँ कार्यपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँ कार्यपालिकाको अध्यक्षले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(२) स्थानीय निर्देशक समितिको सचिवालय गाउँ कार्यपालिकामा रहनेछ ।

(३) स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :

स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क० स्थानीय तह भित्रको श्रम वजारको माग र विद्यमान जनशक्तिको उपलव्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

ख० वेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने,

ग० स्थानीय तह भित्रको वेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

घ० स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा वेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

ङ० समितिले दिएको मार्गदर्शन वमोजिम काम गर्ने ।

नारसिं रोकाय
अध्यक्ष



Scanned with CamScanner

## १०.१ अनुगमन तथा मुल्याङ्कन

गाउँपालिकाले तयार गरेको रोजगार रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित तथा आवधिक रुपमा अनुगमन तथा मुल्याङ्कन कार्य निरन्तर हुनेछ । यसका लागि स्थानीय निदेशक समितिले अनुगमन कार्य गर्नेछ वा स्थानीय निर्देशक समितिले फरक अनुगमन तथा मुल्याङ्कन समिति निर्माण तथा परिचालन गर्न सक्नेछ । अनुगमन तथा मुल्याङ्कन बाट प्राप्त नतिजाका आधारमा हरेक वर्ष पालिकाको वजेट निर्माण पूर्व समिक्षा गर्ने र प्राप्त उपब्धिहरु निर्देशक समितिले कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

पालिकाले तयार गरेको रोजगार रणनीति र यसको कार्यान्वयनको अवस्था तथा लक्षित उपब्धिहरु हाँसिल भए नभएको सम्बन्धमा प्रत्येक २ वर्षमा रणनीतिको समितिक्षा तथा पुनरावलोकन गर्नुपर्ने छ । यसका लागि पालिका आफै वा स्वतन्त्र तेस्रो पक्षवाट समिक्षा तथा पुनरावलोकन गर्न सकिने छ ।

## खण्ड ११ जोखिम व्यबस्थापन (Risk Management)

पालिकाको रोजगार रणनीति स्थानीय आवश्यक्ताका अवस्थाका आधारमा तय भएको छ । यो रणनीति कार्यान्वयनका लागि स्थानीय तहले यस संग सम्वन्धित अन्य नीति तथा कार्यविधीहरुको निर्माण र कार्यान्वयन गर्नुपर्ने जोखिम रहेकोले रणनीति कार्यान्वयनका लागि यस तर्फ विशेष ध्यान पुर्‍याउन आवश्यक छ । रणनीति कार्यान्वयन र यसका कार्यनीतिको प्रभावकारिताका लागि आवश्यक पर्ने श्रोतको व्यवस्थापन र परिचालन पनि चुनौतीको रुपमा देखिन्छ । यसका लागि अन्तरसम्वन्धित शाखा र सरोकारवाला तहसंगको समन्वय र साझेदारी हुन जरुरी छ । पालिकामा रहेका रोजगार अवसरका क्षेत्रहरुमा प्रयोग हुने दक्ष सीपयूक्त जनशक्तिको व्यवस्थापन र परिचालन पनि लक्षित उपलब्धी हाँसिलका लागि चुनौती देखिन्छ यद्यपी यसका लागि सीपमुलक तालिम तथा तालिममा लक्षित वर्गको पँहुच सुनिश्चितताम ध्यान दिन आवश्यक छ । भौगोलिक विकटता र सेवा सुविधाको अभाव पनि रोजगार क्षेत्र सुधारको लागि जोखिम क्षेत्रका रुपमा देखिन्छ र श्रम तथा रोजगारको प्रभावकारिता र समान पँहुच अभिवृद्धि गर्न र न्यायोचित व्यवस्थापन गर्न हुनुपर्ने नियमित अनुगमन तथा मुल्याङ्कन पनि भौगोलिक विकटता र दक्ष जनशक्ति अभावका कारण कठिन हुने भएकाले क्षमता अभिवृद्धिका कार्य हुन जरुरी छ ।



Scanned with CamScanner